**लोक सेवा आयोग**

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, चौथो, सहायक (नगद) पदको**

**प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७६/०३/१७**

**पत्रः प्रथम**

**समयः ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषयः बैकिङ्ग, लेखा तथा सूचना प्रविधि**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

**खण्ड : 'क'**

१. वाणिज्य बैंकले कर्जा प्रवाह किन गर्दछ ? कर्जा प्रवाहमा बैंकले कस्ता सिद्धान्तहरु अनुसरण गर्दछ ? सविस्तार वर्णन गर्नुहोस् ।
Why does a commercial bank disburse loan? What pricniples a bank follows in loan disbursement? Explain detail.

२. विप्रेषण कारोबारमा कुन कुन पक्षहरु संलग्न हुन्छन् ? विप्रेषणका माध्यमहरु के के हुन् ? व्याख्या गर्नुहोस् ।
Which parties are involved in remittance transactions? What are the modes of remittance? Explain.

३. विनिमेय अधिकारपत्र ऐन, २०३४ अनुसार रेखाङ्कित चेक सम्बन्धी के कस्तो व्याख्या रहेको छ ? उल्लेख गर्नुहोस् ।
What is the provision of Crossed Cheques according to Negotiable Instruments Act, 2034? Elaborate.

४. विद्युतीय कारोबार सम्बन्धि ऐन, २०७३ को परिच्छेद – ६ बमोजिम ग्राहकको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् ।
Describe the Functions. Duties and Rights of Subscriber as per The Electronic Transactions Act, 2063 Chapter -6

**खण्ड : 'ख'**

५. वित्तीय विवरण भनेको के हो ? वाणिज्य बैंकले वित्तीय विवरण किन बनाउँछ ? उल्लेख गर्नुहोस् ।
What is financial statement? Why a commercial bank prepares a financial statement? Elaborate.

६. नाफा–नोक्सान खाता अन्तर्गत समावेश गरिने शीर्षकहरुबारे बयान गर्नुहोस् ।
Explain about the headings that are included under Profit and Loss A/C.

७. जिन्सी व्यवस्थापनका विधिहरुमध्ये कुनचाहिँ विधि सबैभन्दा महत्वपूर्ण हो ? र किन ? व्याख्या गर्नुहोस् ।
Among the methods of inventory management, which method is the most important? And why? Explain.

८. अचल समत्तिको ह्रासकट्टि गर्ने विभिन्न तरिकाहरु उदाहरणसहित वर्णन गर्नुहोस् ।
Describe different methods of depreciation of fixed assets with examples.

**खण्ड : 'ग'**

९. नेपाल राष्ट्र बैंकले जारी गरेको Information Technology Guidelines बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको Software विकास गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ ? लेख्नुहोस् ।
According to Information Technology Guidelines issued by Nepal Rastra bank, which points should be taken into account chile developing software by bank and financial institutions? Write down.

१०. Computer Operationg System भनेको के हो ? यो प्रणालीले के कस्ता कार्यहरु सम्पादन गर्दछ ? उदाहरणसहित लेख्नुहोस् ।
What is Computer Operating System? What functions does this system perform? Write with examples.

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, चौथो, सहायक (नगद) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७६/०३/१८

पत्रः द्वितीय

समयः ३ घण्टा

पूर्णाङ्क : १००

विषयः व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड : 'क'**

१. आन्तरिक नियन्त्रण भन्नाले के बुझिन्छ ? आन्तरिक नियन्त्रणको संस्थागत सुशासनमा कसरी महत्वपूर्ण भूमिका खेल्दछ ? बताउनुहोस् ।
What is meant by internal control? How does internal control play important role in Corporate Governance? State.

२. कार्यसम्पादन मूल्याङ्कन किन र कसरी गरिन्छ ? उल्लेख गर्नुहोस् ।
Why and how work performance appraisal is done? Elaborate.

३. जिल्लास्तरको कार्यालयमा रहेका पुराना फर्निचर, दराज, कुर्सी एवं एउटा थोत्रो मोटरसाइकल लिलामी गर्न भनी केन्द्रीय कार्यालयबाट परिपत्र प्राप्त भएको सन्दर्भमा आवश्यक निर्णय निर्माणका लागि टिप्पणीको नमूना प्रस्तुत गर्नुहोस् ।
Regarding a circular achieved from central office to auction the old furniture, almirah (cup-board), chairs and a ruined motorcycle existing in a district level office, present a specimen of a *TIPPANI* for a necessary decision making.

४. कार्यालयको अवस्थिति र संरचनाबीचको फरक औँलयाउनुहोस् । कार्यालय स्थापना गर्दा सो अवस्थिति र संरचनाको कुन कुन पक्षहरुमा ध्यान दिनुहोस्? वर्णन गर्नुहोस् ।
Point out the differences between office location and office layout. What aspects of such location and layout should be considered while establishing an office? Explain.

५. कर्मचारी भर्ना तथा छनौट कसरी गरिन्छ ? वर्णन गनुहोस् ।
How is the recruitment and selection of employees done? Describe.

६. तालिम भनेको के हो । तालिम चक्रको बारेमा उदाहरणसहित स्पष्ट पार्नुहोस् ।
What is Training ? Clarify about the Training Cycle with examples.

**खण्ड : 'ख'**

७. एउटा कलेजमा ५:७:८ को अनुपातमा गणित, व्यवस्थापन र जीव विज्ञान विषयका लागि सिटहरु छन् । अब त्यस कलेजका प्रमुखले ती विषयहरुमा क्रमशः ४० प्रतिशत, ५० प्रतिशत र ७५ प्रतिशतका दरले सिट सङ्ख्या वृद्धि गरे भने बढेका सिटहरुको अनुपात कति हुन्छ ? पत्ता लगाउनुहोस् ।
The ration of seats in a college for mathematics, management and biology subjects is 5:7:8 Now, if the principle of that college increased the seats by 40 percent, 50 percent and 75 percent respectively in those subjects, what is the ration of incresed seats? Find.

८. रामु चौधारीले एउटा कलम १० प्रतिशत घाटामा बेचे । यदि त्यो कलम रु १४ बढीमा बेचेको भए उसले २५ प्रतिशत फाइदा पाउन सक्थे । उक्त कलमको क्रय मूल्य पत्ता लगाउनुहोस् ।
Ramu Chaudhary sold a pen at a loss of 10 percent. If he had sold that pen at Rs. 14 more, he could gain 25 percent profit. Find cost of that pen.

**खण्ड : 'ग'**

९. सुन-चाँदी कर्जाको परिचय दिनुहोस् । यस्तो कर्जा प्रवाह गर्दा के कस्ता कुराहरुमा ध्यान दिनुपर्दछ ? उल्लेख गर्नुहोस् ।
Give an introduction of gold and silver loan. What factors should one consider while disbursing such loan? Describe.

१०. विप्रेषण के लाई भनिन्छ ? विप्रेषणको फाइदा तथा बेफाइदाहरु सविस्तार वर्णन गर्नुहोस् ।
What is called remittance? Explain in detail the adventages and sisadvantages of remittances.

CamScanner

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैक लिमिटेड, प्रशासन, चौथो, सहायक पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७६/०३/१३**

**पत्र: प्रथम**
**समय: ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषय: बैकिङ्ग, लेखा तथा सूचना प्रविधि**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

**खण्ड : 'क'**

१. नेपालमा विद्यमान बैकिङ्ग प्रणालीको अवस्थाबारे उल्लेख गर्नुहोस् ।
Elaborate the current status of Banking System in Nepal.

२. निक्षेपका प्रकारहरु वर्णन गर्नुहोस् । विभिन्न प्रकारका निक्षेपहरुमा ब्याजदर किन फरक पर्दछ ? कारणहरु दिनुहोस् ।
Describe the types of depositors. Why does the interest rate differ in various types of deposits? Give reasons.

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार सञ्चालक समितिको काम, कर्तव्य र अधिकारको व्यवस्थाबारे स्पष्ट पार्नुहोस् ।
According to the Bank and Financial Institution Act, 2073, clarify about the provisions of the functions, duties and powers of Board of Directors.

४. बैकिङ्ग कसूर तथा सजायँ ऐन, २०६४ का प्रमुख व्यवस्थाहरुबारे उल्लेख गर्नुहोस् ।
Elaborate about the salient provisions of Banking Offence and Punishment Act, 2064.

**खण्ड : 'ख'**

५. लेखापरीक्षणको उद्देश्य प्रष्ट पार्नुहोस् । अन्तिम लेखापरीक्षण किन आन्तरिक लेखापरीक्षणमा भर पर्दछ ? वर्णन गर्नुहोस् ।
Clarify the objectives of auditing. Why does final audit depend upon internal audit? Describe.

६. असल वित्तीय विवरणको गुणहरु के के हुन् ? वित्तीय विवरण अन्तर्गत समावेश गरिने प्रमुख शीर्षकहरु उल्लेख गर्नुहोस् ।
What are the qualities of a good financial statement? Elaborate the major headings that are included under the financial statement.

७. जिन्सी व्यवस्थापन विधिमा Weighted Average Method अन्य First in First Out (FIFO) र Last in First Out (LIFO) Method भन्दा किन उपयुक्त मानिन्छ ? कारणसहित स्पष्ट पार्नुहोस् ।
Why Weighted Average Method is considered more appropriate to FIrst in First Out (FIFO) and Last in First Out (LIFO) Methods? Clarify with examples.

८. एउटा वणिज्य बैंकको पूँजीकोषको श्रोतहरु के के हुन् ? व्याख्या गर्नुहोस् ।
What are the source of capital fund of a commercial bank? Explain.

**खण्ड : 'ग'**

९. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको सूचना प्रविधि नीतिको मुख्य मुख्य विशेषताहरु के के हुन् ? बताउनुहोस् ।
What are the main features of the IT Policy issued by Nepal Rastra Bank? State.

१०. Data Security System भनेको के हो ? कार्यालयमा यसको आवश्यकता किन पर्दछ ?
What is Data Security System? Why is it necessary in an office? Describe.

CamScanner

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, चौथो, सहायक पदको
प्रतियोगितात्मक लिखित परीक्षा
२०७६/०३/१४

पत्र: द्वितिय
समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क"

६० अङ्क

१. हेनरी फयोलको व्यवस्थापनका सिद्धान्तहरुबारे छोटकरीमा प्रष्ट पार्नुहोस् ।
Clarify in brief about the principles of management of Henry Fayol. 10

२. निर्णय भनेको के हो, निर्णय निर्माण क्षमतालाई कुन तत्वहरुले प्रभाव पार्दछ ? बताउनुहोस् ।
What is decision ? What factors affect the decision making capability? State. 3+7=10

३. राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय, भोजपुरमा प्रतिक्षा कक्षा, शौचालय र एउटा अतिथि कक्षको लागि आवश्यक व्यवस्था गरिदिन अनुरोध गर्दै राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाडौंलाई पठाउने पत्रको नमुना तयार गर्नुहोस्
Prepare a smple letter to send to Rastriya Banijya Bank Limited. Central Office, Branch OPffice of Rastriya Banijya Bank, Bhojpur. 10

४. कार्यालय संचालन भनेको के हो ? उपयुक्त कार्यालय संरचना तयार गर्नलार्य व्यवस्थापनले कस्ता सिद्धान्तहरु अपनाउनुपर्दछ ? वर्णन गर्नुहोस् ।
What is office layout? What principles should a management follow to prepare an appropriate office layout? Describe. 3+7=10

५. तालिमको परिभाषा दिँदै तालिमको प्रकारहरु उल्लेख गर्नुहोस् ।
Defining training, explain the types of training. 3+7 =10

६. कर्मचारी सम्बन्ध भन्नाले के बुझ्नुहुन्छ ? नेतृत्वले कर्मचारी सम्बन्धलाई कसरी सुदृढ बनाउन सक्दछ ? वर्णन गर्नुहोस् ।
What do you understand by employee relation? How can a leadership strength employee relation? Mention.

## खण्ड "ख"

२० अङ्क

७. संसदीय निर्वाचनमा "ए" उम्मेदवारले कुल सदर मतको ७५ प्रतिशत मत प्राप्त गर्‍यो । कुन ५,६०,००० मत खसेको थियो जसको १५ प्रतिशत मतबदर घोषणा गरिए । उम्मेदवार "ए" ले कति मत प्राप्त गरे ? पत्ता लगाउनुहोस् ।
In purliamentary election, candidate "A" received 75 percent of the total valid votes. Total votes cast was 5,60,000 of which 15 percent votes were declared invalid. How much vote did candidate "A" receive? Find.

८. राम, श्याम र हरिले कुनै काम क्रमशः २४, ३२ र ६४ दिनमा पूरा गर्न सक्दछन् । तिनीहरुले ६ दिन सँगै मिलेर काम गरे । त्यसपछि रामले काम छोड्यो । यदि श्यामले पनि काम सकिनु ६ दिन अगाडि काम छोड्यो भने काम सम्पन्न गर्न कति दिन लाग्यो ?
Ram, Shyam and Hari can complete a work in 24, 32 and 64 days respectively. They worked together for 6 days. Then Ram left the work. If Shyam also left the work before 6 days to complete the work, how many days tooks place to complete the work ? 10

## खण्ड "ग"

२० अङ्क

९. नेपाल राष्ट्र बैंकले सफा नोट नीति सम्बन्धी गरेका व्यवस्थापनहरुमाथि प्रकाश पार्नुहोस् ।
Highlight on the provisions of Clean Note Policy as provisioned by Nepal Rastra Bank. 10

१०. अन्तर-शाखा तथा अन्तर-बैंक कारोवारको महत्व वर्णन गर्नुहोस् । यी कारोवार अन्तर्गत के कस्ता कारोवारहरु समावेश गरिन्छन् ? उदाहरण सहित लेख्नुहोस् ।
Describe the importance of inter-branch and inter-bank transactions. What transactions are included under these transactions? Write down with examples.

CamScanner